भरत प्रसाद भट्ट
डिभिजनल वन अधि...

अनुसूचि-१५

दफा ३३ को उपदफा (२) सँग सम्बन्धित

सुदूरपश्चिम प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

# डिभिजन वन कार्यालय, बैतडी

## गोलिया काठ /दाउरा (वन पैदावार) को बोलपत्रद्वारा लिलाम बिक्री सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०२/१३ गते

यस कार्यालय अन्तर्गतको शिवनाथ-१, र महाकाली लोकमार्गको चेनेज ६९+००० देखि ९२+००० र चेनेज ९२+००० देखि १५०+००० सम्मको पञ्चेश्वर- ६ सरकारद्वारा व्यवस्थित बनको सडक अलाइमेन्टमा छपान भएका रुख कटान बाट आ.व. २०८०/०८१ मा कटान बाट उत्पादन भएको र शिवनाथ-१ कोलिकान्ला तथा बज्वागडा र पञ्चेश्वर-६, बिजुलमा घाटगद्दी रहेको निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ संस्था फर्म वा कम्पनीले यो सूचना गोरखापत्रमा मिति २०८२/०२/१३ मा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

तपशिलः

१. वन पैदवारको विवरणः

| वन पैदवारको | | | | | | मूल्याङ्कन रु. | | कटान, मुछान खर्च |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण | न्यनतम् | |
| १ | १-२०८१/०८२ | खोटेसल्लो | गोलिया | A | ११ | १३७.०१ | ३४२५२.५० | ९५११ |
| २ | | खोटेसल्लो | गोलिया | B | १३७ | ६९३.०९ | १०३९६३.५० | ४८५१६ |
| ३ | | साल | गोलिया | D | ३४ | ४१.०४ | १२३१२.०० | २८७३ |
| ४ | | साल र अन्य दाउरा | गोलिया | - | - | २.६८ | २१४४०.०० | २८९४४ |
| ५ | | खोटेसल्लो दाउरा | गोलिया | - | - | ०.६५ | २६००.०० | ७०२० |
| | | जम्मा | | | | | १७४५६८.०० | ९६९४४ |

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समयः

(क) अन्तिम मितिः- २०८२/०३/०२ गते (ख) समय.बेलुकी ०५.०० बजे सम्म

३. बोलपत्र डिभिजन वन कार्यालय, बैतडी, सु.प. वन निर्देशनालय, धनगढी तथा वन तथा भु-संरक्षण विभाग काठमाण्डौंबाट खरिद र दाखिला गर्न सकिनेछ ।

४. बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको कार्यालयको नामबाट राष्ट्रिय बाणिज्य बैंकमा रहेको नं ४०५०१००२०२०३०००० को धरौटी खातामा नगद जम्मा गरेको सक्कल भौचर समावेश गर्नु गर्नेछ ।

५. बैंक जमानत धरौटीको रुपमा पेश गरिएका त्यस्तो जमानत कम्तीमा ५ महिना सम्मको लागि हुनु पर्नेछ ।

६. बोलपत्र फारम रु. १,०००/-(पछि फिर्ता नहुने गरी) तिरी कार्यालयको लेखा शाखा वा सुदुरपश्चिम प्रदेश वन निर्देशनालय वा वन तथा भु-संरक्षण विभागबाट खरिद गर्न सकिनेछ ।

७. लिलाम बढाबढ हुने वन पैदवार कार्यालय खुलेको समयभित्र महाकाली कोरिडोर सडक किनारमा रहेको शिवनाथ गा.पा.१ को कोलिकान्ला र बज्वागडा तथा पञ्चेश्वर गा.पा.-६, बिजुलमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

८. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

९. निर्धारित गरिएको न्युनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/०३/०३ मा दिउसो ३.०० बजे साक्षीहरुको रोहवरमा

अनुसूचि-१५

दफा ३३ को उपदफा (२) सँग सम्बन्धित

सुदूरपश्चिम प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

## डिभिजन वन कार्यालय, बैतडी

भरत प्रसाद भट्ट
डिभिजनल वन अधिकृत

खोलिनेछ ।

१०. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १५ दिनभित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर तथा कटान मुछान खर्च समेत बुझाई लिलाममा चढाएको वन पैदवार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ ।

११. बोलपत्र सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्दछ । अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१२. बोलपत्र मान्य नहुने अवस्था र अन्य आवश्यक कुराहरु (कार्यालयले मुनासिब सम्झे बमोजिम खुलाउने) ।

CamScanner